# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७)  काठमाण्डौं,  जेठ २७ गते २०५४ साल (अतिरिक्तांक १२


## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५४ सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भन्सार ऐन, २०१९ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना : भन्सार ऐन, २०१९ लाई संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो अध्यादेशको नाम "भन्सार (सातौं संशोधन) अध्यादेश, २०५४" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. भन्सार ऐन, २०१९ को दफा २ मा संशोधन : भन्सार ऐन, २०१९ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ण१) झिकिएको छ ।

३. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ :-

"१३. कारोबार मूल्यको आधारमा भन्सार महसूलको निर्धारण: (१) पैठारी गरिने कुनै माल वा वस्तुको भन्सार महसूल त्यस्तो माल वा वस्तुको कारोबार मूल्यको आधारमा निर्धारण हुनेछ ।

(२) पैठारी गरिने माल वा वस्तुको कारोबार मूल्यलाई प्रमाणित गर्न भन्सार अधिकृतले माग गरेको त्यस्तो माल वा वस्तुको मूल्य खुल्ने बिल बिजक वा कागजात त्यस्तो माल वा वस्तुको धनीले भन्सार अड्डामा पेश गर्नुपर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
60

(३) उपदफा (२) बमोजिम माल वा वस्तुको धनीले पेश गरेको बिल बिजक वा कागजातको सत्यता प्रमाणित गर्ने जिम्मेवारी सो माल वा वस्तुको धनीमा रहनेछ ।

(४) पैठारी गरिने कुनै माल वा वस्तुको कारोबार मूल्यको आधारमा भन्सार महसूल निर्धारण गर्दा त्यस्तो माल वा वस्तुको धनीबाट पेश भएको कारोबार मूल्य वास्तविक कारोबार मूल्य कायम गर्ने पद्धतिसित मेल नखाने भएमा भन्सारको मुख्य अधिकारी वा निजले तोकेको कुनै भन्सार अधिकृतले अभिलेख मूल्य, मूल्यसूची वा सोही प्रकारका माल वा वस्तुको मूल्यको आधारमा त्यस्तो माल वा वस्तुको मूल्य कायम गरी भन्सार महसूल निर्धारण गर्नेछ ।

(५) उपदफा (४) बमोजिम माल वा वस्तुको धनीबाट कारोबार मूल्य पेश नभई भन्सार महसूल निर्धारण गर्न नसकिने अवस्था परेमा भन्सारको मुख्य अधिकारी वा निजले तोकेको कुनै भन्सार अधिकृतले अभिलेख मूल्य, मूल्यसूची वा सोही प्रकारका माल वा वस्तुको मूल्यको आधारमा त्यस्तो माल वा वस्तुको मूल्य कायम गर्न सक्नेछ ।

(६) भन्सार महसूल निर्धारण गर्ने प्रयोजनको लागि भन्सारको मुख्य अधिकारी वा निजले तोकेको कुनै भन्सार अधिकृतले माल वा वस्तुको मूल्य कायम गर्दा अभिलेख मूल्य, उत्पादनकर्ता वा वितरकले पेश गरेको मूल्यसूची वा उपलब्ध तथ्याङ्क वा सूचना वा विशेषज्ञ,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित संस्था वा निकायको सुझावलाई आधार मान्न सक्नेछ ।

(७) भन्सार महसूलको प्रयोजनको लागि श्री ५ को सरकारले कुनै माल वा वस्तुको मूल्य निर्धारण गर्दा सामान्यतया त्यस्तो माल वा वस्तुको धनीले पेश गरेको बिल बिजक वा त्यस्तो माल वा वस्तुको उत्पादक वा वितरकको आधिकारिक मूल्यसूची वा अन्तर्राष्ट्रिय बजार भाउ वा त्यस्तो माल वा वस्तुसंग सम्बन्धित विशेषज्ञ, उद्योग, वाणिज्य तथा व्यापारसंग सम्बन्धित निकाय वा व्यक्तिको सुझावलाई आधार मान्न सक्नेछ ।

(८) पैठारी गरिने माल वा वस्तुको भन्सार महसूल निर्धारण गर्ने प्रयोजनको लागि मूल्य कायम भई नआएसम्म त्यस्तो माल वा वस्तुमा डेमरेज लाग्ने छैन ।"

४. <u>खारेजी</u> : मूल ऐनको दफा १३क. खारेज गरिएको छ ।

लालमोहर सदर मिति:- २०५४।२।२७२

आज्ञाले,
**तीर्थमान शाक्य**
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 62